**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ५ (गोदावरी) संख्या : ५१ मिति : २०७८/०९/२०

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिका बैठकबाट पारित मिति :२०७८/०९/१८**

**प्रमाणीकरण मिति :२०७८/०९/१९**

## शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ को खण्ड ८, स्थानीय सरकार सञ्चालन, २०७४ को दफा ११ को खण्ड ८ (ज) र गोदावरी नगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी नगर शिक्षक व्यवस्थापनका लागि गोदावरी नगर कार्यपालिकाले मिति २०७८/०९/१८ गते बसेको कार्यपालिका बैठकबाट यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम गोदावरी नगरपालिका शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :**

(१) **"संयोजक"** भन्नाले शिक्षक तथा कर्मचारी छनौट समितिको प्रमुखलाई सम्झनुपर्नेछ।

(२) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्नेछ।

(३) **"शाखा"** भन्नाले गोदावरी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(४) **"विद्यालय"** भन्नाले सामुदायिक विद्यालय सम्झनुपर्नेछ।

(५) **“शिक्षक”** भन्नाले बाल विकास देखि कक्षा १२ सम्म अध्यापन गर्ने सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई सम्झनुपर्नेछ ।

(६) **“बालविकास केन्द्र”** भन्नाले गोदावरी नगरपालिका भित्रका विद्यालयहरुमा ३ वर्षदेखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुको सिकाइका लागि खोलिएका केन्द्रहरु सम्झनुपर्छ ।

(७) **“अनुदान प्राप्त शिक्षक”** भन्नाले गोदावरी नगरपालिकाद्धारा आर्थिक वर्ष २०७८/०७९ देखि विनियोजित शिक्षा तर्फको बजेटबाट सुविधा प्राप्त गर्ने गरी नियुक्त शिक्षकलाई सम्झनुपर्दछ ।

(८) **“छनौट समिति”** भन्नाले नगर शिक्षा ऐन, २०७५ अनुसार विद्यालय शिक्षक कर्मचारी छनौट गर्न गठित समितिलाई सम्झनुपर्छ ।

(९) **नगर शिक्षक** भन्नाले यो कार्यविधि लागू हुनु पूर्व सामुदायिक विद्यालयहरुमा प्रक्रिया पुर्‍याई नियुक्ति गरेका निजी स्रोतका शिक्षकलाई सम्झनुपर्छ ।

(१०) **“शिक्षा ऐन”** भन्नाले गोदावरी नगरपालिका शिक्षा ऐन, २०७५ (पहिलो संशोधन) सम्झनुपर्छ ।

(११) **“नगर कर्मचारी”** भन्नाले निजी स्रोतमा कार्यरत विद्यालय कर्मचारीलाई सम्झनुपर्छ ।

**३. कार्यविधिको दायरा :**

(१) शिक्षा ऐन, २०७८

(२) नगर शिक्षा ऐन, २०७५

(३) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संसोधन सहित)

(४) उप बुँदा (१) बमोजिम दायरा भित्र देहायका क्षेत्रमा यो कार्यविधि क्रियाशील रहनेछ ।

(क) प्रारम्भिक बालविकास केन्द्र र शिक्षक व्यवस्थापन,

(ख) कक्षा (१-१२) सम्मको शिक्षक दरबन्दी मिलान एवं समायोजन,

(ग) विद्यालयको प्रशासनिक नेतृत्व व्यवस्थापन,

(घ) विद्यालय गाभ्ने, कक्षा र तह व्यवस्थापन,

(४) यस कार्यविधिको उपबुँदा (३) अन्तर्गत क, ख, ग र घ क्षेत्रहरुसंग सम्बन्धित विषयमा भएका कानुनी व्यवस्थाहरुको स्वामित्व नगर कार्यपालिकामा हुनेछ ।

**४. बालविकास :**

(१) प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा एउटा बालविकास केन्द्र रहनेछ ।

(२) उपनियम १ बमोजिमको व्यवस्था पश्चात विद्यार्थी संख्या र भूगोलका आधारमा बालविकास केन्द्रको पुनर्वितरण गरिनेछ ।

(३) वालविकास केन्द्रको समायोजन गर्दा शिक्षक विद्यार्थी अनुपात सामान्यतया १:२० को आधार लिइनेछ। तर सो अनुपात भन्दा बढी भएको अवस्थामा २१-४४ जना विद्यार्थी भएमा २ जना, ४५-६४ जना भएमा ३ जना, ६५-८४ जना भएमा ४ जना र ८५ देखि माथि जतिसुकै भएमा ५ जना बालविकास शिक्षकको दरबन्दी रहनेछ।

(४) बालविकास शिक्षकहरुले यो कार्यविधि प्रारम्भ भएको मितिले २ वर्षभित्र आफ्नो योग्यता अभिवृद्धि गरी कम्तिमा १० कक्षा उत्तीर्ण भएको हुनुपर्नेछ।

(५) बालविकास केन्द्रमा कार्यरत जनशक्तिलाई विद्यार्थी संख्याका आधारमा एक केन्द्रबाट अर्कोमा स्थानान्तरण गर्दा आवश्यकता र नियुक्तिको कनिष्ठताका आधारमा गरिनेछ।

**५. शिक्षक दरबन्दी मिलान एवं समायोजन :**

(१) प्रचलित ऐन, नियम, आवश्यकता र औचित्यका आधारमा विद्यालयहरुका लागि राज्यबाट आजका मिति सम्म प्राप्त शिक्षक दरबन्दीको पुनर्वितरण गरिनेछ।

(२) स्थायी, अस्थायी, राहत र नगरपालिकाबाट अनुदान प्राप्त शिक्षकहरु विद्यालयको आवश्यकता अनुरुप एक आपसमा मिलान गर्न सकिने।

(३) दरबन्दी मिलान गर्दा सामुदायिक विद्यालयमा कम्तिमा कक्षा(१-३)सम्म २ जना, कक्षा ( १-५) सम्म ३ जना, कक्षा (६-८) का लागि कम्तिमा ३ जना, कक्षा (९-१०) लागि कम्तिमा ५ जना र कक्षा (११-१२) का लागि कम्तिमा २ जना शिक्षकको सुनिश्चितता गरिनेछ। तर यसरी गरिने व्यवस्थामा माध्यमिक तह कक्षा (९-१२) का लागि कम्तिमा ७ जना शिक्षकको व्यवस्था भन्ने बुझ्नुपर्नेछ।

(४) यस बुंदाको उपबुदा (३) लाई पहिलो आधार र दोस्रो आधार विद्यार्थी संख्यालाई लिइनेछ।

(५) बालविकास बाहेकका कक्षामा शिक्षक विद्यार्थी अनुपात १:५० लाई आधार मानी शिक्षक समायोजन तथा दरबन्दी मिलान गरिनेछ।

(६) विद्यालय गाभिने संभावना रहेको साथै कक्षा (१-३) र कक्षा (१-५) क्रमश: २० जना र ५० जना भन्दा कम विद्यार्थी भएका प्राथमिक विद्यालयहरुमा यस कार्यविधिको बुदा (५) आर्कर्षित हुने छैन।

(७) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न शिक्षक र नगर शिक्षा समितिको अनुमति लिई शिक्षा,युवा तथा खेलकूद शाखाबाट शिक्षकहरुको काज सरुवा गर्न सकिनेछ।

**६. शिक्षक नियुक्ति :**

(१) यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त हुन जाने करार शिक्षक, कर्मचारी अस्थायी, राहत, अनुदान प्राप्त शिक्षक तथा कर्मचारी) हरुको छनौट तथा सिफारिस प्रक्रिया अनुसूची-१ बमोजिम हुनेछ। छनोट समितिका सदस्यहरुले आवश्यकता अनुसार प्रशासनिक र प्राविधिक दुवै प्रकृतिका कार्य गर्न सक्नेछन्।

(२) विभिन्न विद्यालयमा रिक्त रहेका शिक्षक पदहरुमा करार नियुक्तिको कार्य छनोट समितिले गर्नेछ।

(३) रिक्त रहेका पदहरुमा चैत्र र असोज महिनामा वर्षको दुई पटक विज्ञापन गरिनेछ । तर प्रतिक्षा सूचीमा नभएको अवस्था र शिक्षक नियुक्ति गर्नुपरेमा जुनसुकै बखत पनि विज्ञापन गर्न बाधा पुगेको मानिने छैन ।

(४) यो कार्यविधि पारित भै सकेपछिको पहिलो विज्ञापनका लागि यसै बुँदाको उपबुँदा (३) ले बाधा पारेको मानिने छैन ।

(५) उपबुँदा (१) बमोजिम गठित छनोट समितिले आवश्यक प्रक्रिया पुऱ्याई शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम भित्र रही शिक्षक छनौट गर्नेछ । शाखाले सूचिकृत गरेका विषयगत विज्ञहरुमध्येबाट प्रत्येक विषयमा कम्तिमा एक जना पर्ने गरी छनौट समितिले छनोट गर्नु पर्नेछ ।

(६) अनुदान प्राप्त शिक्षकको हकमा विद्यालयहरुबाट विषयगत र तहगत शिक्षकको माग भै आए पश्चात विषयगत संख्या यकिन गरी सम्बन्धीत विद्यालयलाई विज्ञापनका लागि अनुमती दिईनेछ ।

(७) विज्ञान गणित विषयमा अध्यापन अनुमति पत्रका उम्मेदवारहरुको आवेदन प्राप्त नभएमा सिंगल दस्तुरको मात्र सात दिने सूचना प्रकाशित गरी अनुमति पत्र नभएकाहरुलाई पनि आवेदनको अवसर प्रदान गरिनेछ ।

(८) विद्यालयलाई प्राप्त अनुदान शिक्षकको संख्या अनुसूची-२ बमोजिमको प्राथमिकताका आधारमा प्रदान गरिनेछ ।

(९) प्रत्येक वर्षको ०.५ अंकका दरले अन्तरवार्तामा अनुभव बापत बढीमा पाँच अंक प्रदान गरिनेछ । अंक प्राप्त गर्नका लागि सम्बन्धित तहमा विद्यालयले प्रदान गरेको नियुक्तिको प्रमाणित प्रतिलिपि र सेवा निरन्तरताको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

(१०) विषय विज्ञहरुको सूची शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गर्दा अनुसूची ३ बमोजिमको विधि र प्रक्रिया अपनाउनेछ ।

(११) विज्ञहरुको सेवा लिँदा उपलब्ध भएसम्म प्रश्नपत्र निर्माणकर्ता, प्रश्नको अन्तिम रुप प्रदानकर्ता ( Moderator) र उत्तरपुस्तिका परीक्षणकर्ता फरक फरक व्यक्ति हुनेछन ।

(१२) विषयवस्तुको प्रकृति अनुसार स्थानीय तहमा उपलब्ध हुन नसकेमा बाहिरका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाबाट विषय विज्ञको समेत सेवा लिन सकिनेछ ।

(१३) यसरी नियुक्त शिक्षकले विद्यालयमा हाजिर भएको मितिदेखि तोकिए बमोजिमको पारिश्रमिक प्राप्त गर्नेछन्, त्यस्तो पारिश्रमीक विद्यालय व्यवस्थापन कोषबाट उपलब्ध गराईनेछ ।

(१४) विज्ञापन भएको मितिले सामान्यतया एक महिना भित्र छनौट प्रक्रिया सम्पन्न गरी विद्यालयले शिक्षक नियुक्ति गरी अभिलेखका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

(१५) सफल उम्मेदवार र वैकल्पिक उम्मेदवारको नामावली संगसंगै योग्यताक्रमको प्रतिक्षा सूचीसमेत प्रकाशित हुनेछ र छनोट समितिले सम्बन्धित तह र विषयको अर्को विज्ञापन नगर्दासम्म सोही योग्यताक्रम भित्र रहेका उम्मेदवारले विद्यालयमा करार नियुक्तिको अवसर पाउनेछन् ।

(१६) सिफारिस गरेको मितिले १ वर्ष भित्र करार शिक्षक पद कुनै कारणवश रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारले अवसर प्राप्त गर्नेछन् ।

(१७) विज्ञापन अनुसार आवेदन माग गर्दा मा.वि. १०००।-, आ.वि.(६ देखि ८) ७००।- र आ.वि.(१ देखि ५) ५००- आवेदन शुल्क लिइनेछ ।

(१८) सेवा प्रवेश गर्ने शिक्षकले अनुसूची-४ बमोजिमको ढाँचामा करार सम्झौता गरी अनुसूची (५ बमोजिमको ढाँचामा करार नियुक्ति पाउनेछन् ।

(१९) नयाँ नियुक्त शिक्षकहरुका लागि कम्तिमा पाँच दिनको सेवाकालिन तालिम प्रदान गर्न सकिनेछ ।

(२०) नियुक्ति पत्र लिँदा सफल उम्मेदवारले प्रधानाध्यापकबाट अनुसूची-६ बमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ ।

**७. विद्यालयको प्रशासनिक (प्रधानाध्यापक) नेतृत्व :**

**विद्यालयको प्रधानाध्यापक सम्बन्धी व्यवस्था शिक्षा नियमावली,२०५९ को व्यवस्था बमोजिम हुनेछ.**

**८. विद्यालय गाभ्ने, कक्षा र तह व्यवस्थापन :**

(१) विद्यार्थीहरुले गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकारलाई मध्यनजर गर्दै देहायका आधारहरुमा विद्यालय गाभ्ने, तह वा कक्षा घटाउने सम्बन्धमा निर्णय लिइनेछ ।

(क) भौगोलिक दुरी

(ख) विद्यार्थी संख्या,

(ग) विद्यालय परिवारको कार्यसम्पादन, आवश्यकता र औचित्य

(२) उपनियम १ बमोजिमको कार्यमा सम्बन्धित सरोकारवाला( जनप्रतिनिधि, अभिभावक, शिक्षक, विद्यार्थी) संग आवश्यक अन्तरक्रिया गरिनेछ ।

(३) यसै शैक्षिक वर्षमा गाभ्नु पर्ने र अर्को शैक्षिक वर्षमा गाभ्नु पर्ने विद्यालयलाई प्राथमिकताका आधारमा सिफारिस गर्नुपर्नेछ ।

(४) आवश्यकता अनुसार कक्षा वृद्धि गर्नुपर्ने, तह वृद्धि गर्नुपर्ने, कक्षा घटाउनुपर्ने, विद्यालयहरुको अध्ययन विश्लेषण पश्चात एकिन गरी सिफारिस गरिनेछ ।

**९. विविधः**

गोदावरी नगरपालिका

(१) छनोट समिति र विशेषज्ञका रुपमा काम सम्पादन गर्ने व्यक्तिले गोपनियता कायम राख्नु पहिलो कानुनी कर्तव्य हुनेछ ।

(२) उपबुँदा (१) का व्यक्तिहरुले गोपनियता भंग हुने कार्य गरेको प्रमाणित भएमा स्पष्टिकरणका आधारमा निजले सम्पादन गरिरहेका जिम्मेवारीहरुबाट तत्काल हटाईनेछ ।

(३) निर्धारित विधि र प्रक्रिया पूरागरी सिफारिस गरेका शिक्षक र काज सरुवा गरेका जनशक्तिले तोकिएका स्थानमा जानुपर्नेछ अन्यथा जगेडामा राखिनेछ ।

(४) छनौट समिति र विषय विज्ञहरुले नियमानुसार सेवा सुविधा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम प्राप्त गर्नेछन्।

(५) झुट्टा विवरण तयार गरी अनुदान शिक्षकका रुपमा करार नियुक्ति लिएको प्रमाणित भएमा उक्त नियुक्ति स्वतः बदर हुनेछ र त्यस्तो झुट्टा विवरण उपलब्ध गराउने व्यक्तिमाथि प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(६) निर्धारित समय अवधिमा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकको करार नवीकरण नभएको खण्डमा नियुक्ति स्वतः बदर हुनेछ ।

(७) विद्यालयमा हाल आन्तरिक स्रोतमा (निजी) कार्यरत शिक्षकहरुको व्यवस्थापनका लागि निश्चित आधारहरु तयार गरी विद्यालय शिक्षक, कर्मचारीलाई अनुसुची ७ मा उल्लेखित माापदण्ड बमोजम अनुदान उपलब्ध गराइनेछ ।

(८) विद्यालयको आन्तरिक स्रोतबाट तलव सुविधा खानेगरी शिक्षक कर्मचारी नियुक्त गर्दा समेत शिक्षा शाखाबाट अनिवार्यरुपमा स्वीकृति लिनुपर्नेछ । तत्पश्चात नियुक्त शिक्षकको सेवा, शर्त, सुविधा सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ ।

(९) विद्यार्थी र शिक्षक अनुपातमा शिक्षक संख्या बढी हुन आएमा विद्याथी संख्या बढी भएको विद्यालयमा नगर शिक्षा समितिले बढी भएको शिक्षक दरबन्दी स्थान्तरण गर्नेछ ।

(१०) नगर शिक्षकलाई अनुसूची ९ मा व्यवस्था भए बमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ ।

(११) नि.मा.वि. (गणित, विज्ञान, कम्प्युटर), मा.वि. (गणित, विज्ञान, लेखा, कृषि, कम्प्युटर) र कक्षा ११/१२ को लागि अध्यापन अनुमति पत्र अनिवार्य हुने छैन।

तर नगर शिक्षकमा नियुक्त शिक्षकहरुले गोदावरी नगरपालिका शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ जारी भए पश्चात अध्यापन अनुमति पत्रका लागि हुने पहिलो विज्ञापन भएको मितिले २ वर्षभित्र अध्यापन अनुमति पत्र लिइ सक्नुपर्नेछ ।

(१२) वि.सं. २०६८ असाढ मसान्त भित्र नियुक्त शिक्षकको हकमा एस.एल.सी. उत्तीर्ण शिक्षकलाई पनि नगर शिक्षकको रुपमा मान्यता दिइनेछ ।

(१३) यो कार्यविधि जारी हुनु पूर्व निजी शिक्षकको रुपमा कार्यरत शिक्षक यस कार्यविधि बमोजिम नगर शिक्षकको रुपमा नियुक्त हुने भएमा त्यस्ता शिक्षकहरुले वि.सं २०७८ श्रावण १ गते देखि पारिश्रमिक पाउनेछन् ।

(१४) आ.व. २०७७/७८ मा गणित, अंग्रेजी र विज्ञान विषयका लागि अनुदान पाएका शिक्षकहरुलाई नगर शिक्षकको रुपमा राखिने छैन । यस्तो अनुदान संघीय सरकारबाट प्राप्त नभएमा नगर शिक्षकको रुपमा अनुदान दिइनेछ ।

(१५) आ.व. २०७७/७८ अषाढ मसान्तसम्म आंशिक शिक्षकको रुपमा नियुक्त शिक्षकलाई नगर शिक्षकको रुपमा अनुदान उपलब्ध गराइनेछ। यसरी नगर शिक्षकको रुपमा अनुदान उपलब्ध भए पश्चात शिक्षकले सम्बन्धित विद्यालयमा पूरा समय काम गर्नुपर्नेछ।

(१६) आ.व. २०७७/०७८ भित्र प्रक्रिया पूरा गरी निजी स्रोतको शिक्षकमा नियुक्त भएका तर नगर शिक्षकका लागि आवश्यक कागजात पेश गर्न नसकेका शिक्षकको हकमा निजहरुको अभिलेख जनाई तोकिएको समय सीमा भित्र सम्पूर्ण कागजात प्राप्त भए नगर शिक्षकको सेवा सुविधा प्रदान गर्न सकिनेछ।

गोदावरी नगरपालिका

## अनुसूची-१

## बुँदा (६) को उपबुँदा (१) संग सम्बन्धित छनोट तथा सिफारिस प्रक्रिया

१. पन्ध्र दिनको म्याद राखी नियमानुसार विज्ञापन हुनेछ,

२. पाठ्यक्रम र परीक्षा : शिक्षक नियुक्तिका लागि लिइने परिक्षा र पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

गोदावरी नगरपालिका

## अनुसूची -२

## बुँदा (६) को उपबुँदा (८) संग सम्बन्धित विषयगत प्राथमिकता

(क) यो आर्थिक वर्षका लागि नगरपालिकाबाट कक्षा (१-८) सम्म सञ्चालित सामुदायिक विद्यालयहरुलाई तपसिल बमोजिमको प्राथमिकताका आधारमा कम्तिमा तीन जना शैक्षिक जनशक्तिको सुनिश्चितता गरिनेछ ।

१. अनिवार्य अंग्रेजी ,

२. अनिवार्य विज्ञान/गणित ,

३. अनिवार्य नेपाली

४. सामाजिक ।

(ख) कक्षा (९-१०) का लागि तपसिल बमोजिमको प्राथमिकता क्रम अनुसार व्यवस्था गरिनेछ ।

१.अनिवार्य अंग्रेजी,

२. अनिवार्य गणित,

३. अनिवार्य विज्ञान,

४. अनिवार्य नेपाली,

५. सामाजिक समूहमध्ये कुनै एक (अनिवार्य सामाजिक, शिक्षा, स्वास्थ्य, जनसंख्या, अर्थशास्त्र, लेखा, ...........)

(ग) कक्षा (११-१२) का लागि विद्यालयको आवश्यकता अनुसार

गोदावरी नगरपालिका

## अनुसूची –३

### बुँदा (६) का उपबुँदा (११) संग सम्बन्धित

**विषय विज्ञ छनोटका आधारहरु :**

१. विषय विज्ञ छनोटका लागि शाखाले १५ दिनको सूचना प्रकाशित गर्नुपर्नेछ,

२. माध्यमिक तहका करार शिक्षक छनोटका लागि विषय विज्ञ हुन शिक्षा शास्त्रमा सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको योग्यता भएको,

३. आधारभूत तहका करार शिक्षक छनोटका लागि विषय विज्ञ हुन शिक्षा शास्त्रमा सम्बन्धित विषयमा स्नातक वा सो सरहको योग्यता भएका,

४. विषय विज्ञ हुनका लागि नेपाल सरकारबाट मासिक तलव सुविधा पाउने गरी नियुक्त भइ सम्बन्धित विषय र तहमा कम्तिमा पाँच वर्ष सेवा गरेको शिक्षक हुनुपर्नेछ,

५. शाखाले तयार गरेको सूचिकृत विज्ञको पदावधि दुई वर्षको हुनेछ,

गोदावरी नगरपालिका

## अनुसूची-४

### बुँदा (६) को उपबुँदा (१८) संग सम्बन्धित करार सम्झौता-पत्रको नमूना :-

गोदावरी नगरकार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकूद शाखा (यसपछि पहिलो पक्ष भनिएको) र ........................................ जिल्ला ................................नगरपालिका, वडा नं. ............. बस्ने श्री ........................................................ (यसपछि दोस्रो पक्ष भनिएको) का बीच गोदावरी नगरपालिकाको श्री .................................. विद्यालयमा माध्यमिक/आधारभूत तहको.........................विषय शिक्षक पदमा शिक्षण गर्न मिति २०७..../.........../.......गतेको नगर शिक्षा समितिको निर्णय अनुसार देहायका कार्य शर्तका अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको सम्झौता गरी एक एक प्रति आपसमा बुझिलियौं, दियौं ।

१. **कामकाजको सम्बन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय, स्थानमा उपस्थित भइ गर्नुपर्नेछ । आवश्यकता अनुसार थप काम पनि गर्नुपर्नेछ ।

२. **सेवा गर्नु पर्ने विद्यालय :**........................................

३. **पारिश्रमिक :** शाखाबाट विद्यालयलाई निकासा दिने व्यवस्था अनुसार विद्यालयको खातामा प्रचलित तलव स्केल......... (अक्षरमा..........) प्रदान गरिनेछ र विद्यालय प्रशासनले सो सुविधा उपलब्ध गराउनेछ ।

४. **करार अवधि :** २०७..../......../ देखि लागु भइ २०७..../........../............सम्म लागु हुनेछ ।

५. **विदा तथा आचरण :** प्रचलित ऐन ,नियम, तथा कानुन अनुसार । बिरामी बिदा सञ्चित हुने छैन ।

६. **कार्य सम्पादान :** नगर शिक्षा ऐन २०७५ को परिच्छेद ९, दफा १२ को उपदफा २ (१) अनुसार ।

७. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :** दोसो पक्षले पहिलो पक्षलाई लगातार ७ दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा, अनुपस्थिति रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोस्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भइ वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बारम्बार उलंघन गरेमा दोस्रोपक्षसंगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

८. **दाबी नपुग्ने :** दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।

९. **प्रचलित कानुन लागू हुने :** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।
शाखाको तर्फबाट (प्रथम पक्ष) साछि दोस्रो पक्ष (करार गर्ने व्यक्ति) हस्ताक्षर हस्ताक्षर हस्ताक्षर
नामः...................... पदः................. नामः............. पदः.......... शाखाः............ नामः.....................
पदः..................... ईति सम्बत २०.....।........।...... गते रोज .............. शुभम

**अनुसूची-५**
**बुँदा (६) को उपबुँदा १८ संग सम्बन्धित नियुक्ति-पत्रको ढाँचा**
**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अत्तरिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश**
**शिक्षा युवा तथा खेलकूद शाखा**

च.नं. : मिति : २०...../....../.......
प.सं.:

**विषय : करार नियुक्ति सम्बन्धमा ।**

**श्री ..............................................,**

**.................................................. ।**

तपाईंलाई मिति २०७.../...../..... गतेको निर्णय अनुसार माध्यमिक/आधारभूत तहको ................. विषयको करार शिक्षक पदका लागि यसैसाथ संलग्न करार सम्झौता बमोजिम मिति...../......./....... गते देखि लागु हुने गरी २०७ ...../....../.... सम्म करार नियुक्ति गरिएको छ । तपाईंले आफ्नो काम व्यवसायिक मूल्य र आचरण अनुरुप गर्दै नगर शिक्षा ऐन तथा विद्यालयको मातहतमा रही गर्नुहोला ।

**शिक्षक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ ।**

..........................
**प्रधानाध्यापक**

**बोधार्थ :-**
श्री आर्थिक प्रशासन शाखा, गोदावरी न.पा. (सम्झौता बमोजिमको रकम उपलब्ध गराउनका लागि ।)
श्री ..................विद्यालय, ................... : हाजिरी गराई सोको जानकारी दिनु हुन ।
श्री वडा कार्यालय, वडा नं........, : जानकारीका लागि ।

## अनुसूची-६ बुँदा (६) को उपबुँदा (२०) संग सम्बन्धित शपथको व्यहोरा

**शपथ**

म ………………………………….विद्यार्थीलाई साक्षी राखी यो सपथ लिदैछु कि मैले आफूलाई तोकिएको जिम्मेवारी पेशागत, आचरण एवम्नैतिकता, विद्यार्थी सिकाई उपलब्धी अभिवद्धि, कक्षाकोठा व्यवस्थापन, बालमैत्री एवम् सिकाई मैत्री योजनाका साथ शिक्षण गर्दै नगर शिक्षा ऐन २०७५ तथा प्रचलित ऐन नियम र निर्देशनको अधिनमा रही पेशागत मर्यादा र गोपनियता कायम गरी आफूमा निहित जिम्मेवारीको दुरुपयोग नगरी उच्च मनोवल र नैतिकताका साथ कार्य सम्पादन गर्नेछु ।

**सपथ ग्रहण गर्नेको**

सही :…………………….

नाम,थर : …………………….

पद : …………………….

**सपथ गराउनेको**

सही : …………………….

नाम,थर : …………………

पद …………………….

मिति : ……………………….

**कार्यालयको छाप :**

गोदावरी नगरपालिका

# अनुसूची-७

## निजी शिक्षकलाई नगर शिक्षकको रुपमा नियुक्ति गर्दा लिइने आधारहरु

(१) शिक्षक नियुक्तिका लागि वि.व्य.स.को निर्णय प्रतिलिपि

(२) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि

(३) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि

(४) नेपाली नागरिताको प्रमाणपत्र प्रतिलिपि

(५) निजी शिक्षकको रुपमा नियुक्तिको प्रतिलिपि

(६) आ.व.२०७७/०७८ सम्म शिक्षक निरन्तरताका लागि दिइएको पत्रको प्रतिलिपि

गोदावरी नगरपालिका

## अनुसूची-८

## नियुक्ति अभिलेखको ढाँचा

श्री ....................................................

....................................................... ।

तपाईंको गोदावरी नगरपालिका शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम नगर शिक्षकको रुपमा अभिलेख कायम गरिएकोछ । प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्नु हुन जानकारी गराइन्छ ।

............................

**प्रमुख प्रशासकीय अधिकृत**

गोदावरी नगरपालिका

## अनुसूची-९

**नगर शिक्षकलाई देहाय बमोजिमको पारिश्रमिक निर्धारण गरिनेछ ।**

| क्र.सं | पद | महिना | तलब |
|---|---|---|---|
| १ | प्रा.वि. शिक्षक | १३ | २०,०००/- |
| २ | नि.मा.वि.शिक्षक | १३ | २२,०००/- |
| ३ | मा.वि. | १३ | २५,०००/- |

**आज्ञाले,**

खेमराज विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका